राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १७ औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : १०२ ॥ २०८२ जेठ ०६ गते मंगलबार (20th May 2025 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-


# भन्सार नतिरी कसरी भित्रियो ३ करोड ६१ लाखको सामान ?



झापा(प्रस) । भन्सार नतिरी काँकडभिट्टा नाका हुँदै ३ करोड ६१ लाख बराबरको धान काट्ने मेशिनसहित ३ वटा भारतीय कन्टेनर भित्रिएको आशंकामा प्रहरीले पक्राउ गरेको छ ।

आइतवार साँझ ७ बजे बिर्तामोड नगरपालिका वडा न.५ स्थित पूर्वपश्चिम राजमार्गमा भारतबाट काँकरभिट्टा हुँदै नेपालतर्फ भित्रिएका एनएल०१एएच ५६७९, एनएल०१एन ९२२३ र एनएल०२ एल ७४८६ नम्बरका तीन वटा भारतीय कन्टेनरहरुलाई प्रहरीले पक्राउ गरेको हो । गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी निरीक्षकसहितको टोलीले पक्राउ गरेको हो । चेकजाँच गर्दा भन्सार छली गरी ल्याउँदै गरेको अबैध सामानहरु कन्टेनरमा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । अन्दाजी ३ करोड ६१ लाख बराबरको सामान कन्टेनरमा फेला परेकोले उक्त सामान तथा कन्टेनरहरुलाई बरामद गरी आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी पठाइएको निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक प्रविण श्रेष्ठले जानकारी दिए ।

तर, मेची भन्सार कार्यालयले ती सामान अवैध नभएको दावी गरेको छ । भन्सार तिरेर नियमसंगत ढंगले ती कन्टेनर भित्रिएको मेची भन्सार कार्यालयका भन्सार अधिकृत रामचन्द्र ढुंगानाले बताए । उनले ती कन्टेनर भारतबाट नभई चीनबाट कृषि औजार लिएर आएको बताए ।

'राजश्व अनुसन्धान कार्यालयले सत्यतथ्य छानबिन गर्ने नै हो ' उनले भने ,' प्रहरीले दुःख दिने र भन्सारलाई बद्नाम गर्ने काम गरेको छ । ' यसअघि पनि पटकपटक भन्सारले छोडेको सामान प्रहरीले पक्राउ गरेको थियो ।

# बिर्तामोडमा मोटरसाइकल र अटो चोर्ने गिरोह पक्राउ

झापा(प्रस)। मोटरसाइकल चोरीमा संलग्न एक गिरोहलाई बिर्तामोडमा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्ने चारजनामध्ये तीनजना एकैघरका दाजुभाइ हुन् । बिर्तामोड- ३ सैनिकमोड बस्ने २६ वर्षीय प्रदिप राजवंशी , २० वर्षीय कुमार राजवंशी , उनीहरुका दाजु कनकाई वडा नं. ६ बुद्धचोक बस्ने २८ वर्षीय रन्जित राजवंशी र बिर्तामोड वडा नं. ७ मियाबारी बस्ने २७ वर्षीय जागिर आलमलाई १३ गते राति ८:३०बजे बिर्तामोड वडा नं. ३ दुर्गा मन्दिर पछाडि ध्रुव सिवाकोटीको घर अगाडिको बाटोमा पार्किङ गरी राखेको अबस्थामा चोरी भएको थियो । सो मोटरसाइकल जेठ ३ गते बिर्तामोड वडा नं. ६ स्यालडाँगीबाट बरामद भएको हो । मोटरसाइकलको वास्तविक नम्बर प्लेट परिवर्तन गरी प्रदेश ०१-०१-०१५ प ६१३३नम्बर लेखिएको नम्बर प्लेट राखी प्रयोग गर्दै आएका थिए ।



इलाका प्रहरी कार्यालय बिर्तामोडले पक्राउ गरेको हो । राजवंशीत्रय एकाघरका दाजुभाइ हुन् ।

चोरीको तीनवटा मोटरसाइकल र एउटा अटोसहित चोरीमा संलग्नहरुलाई पत्रकार सम्मेलन गरी सोमबार इलाका प्रहरी कार्यालय बिर्तामोडले सार्वजनिक गरेको छ ।

प्रहरीले उनीहरुको साथबाट मे १ ह ४८९६ नम्बरको अटो, मे ८ प २११६ नम्बरको एभेन्जर बाइक, प्रदेश १-०१-०१५ प ९२४२ नम्बरको सुपर स्प्लेन्डर बाइक र मे ९ प ३६१८ नम्बरको पल्सर बाइक बरामद गरेको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठले जानकारी दिए।चोरीमा संलग्न एकजना फरार रहेको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूलाई आइतबार चोरी कसुरमा अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

गत बैशाख ६ गते बिहानको राति अन्दाजी २:३० बजे अर्जुनधारा वडा नं. ५ मुसी चोकस्थित गंगाप्रसाद तिम्सिनाको घर कम्पाउण्डबाट मे १ ह ४८९६ नम्बरको अटो चोरी भएको थियो । जेठ ४ गते बिहान ९ बजे बिर्तामोड वडा नं. ३ सैनिकमोडबाट प्रदिप राजवंशीलाई अटोसहित पक्राउ गरिएको हो ।

त्यस्तै मे ८ प २११६ नम्बरको बजाज कम्पनीको मोटरसाइकल

गत माघ १० गते बेलुका अर्जुनधारा वडा नं. ५ बिहीबारे टोलस्थित दिपेन्द्र लम्सालको आफ्नो घर कम्पाउण्डबाट चोरी भएको थियो ।

जेठ ३ गते बिहानको राति अन्दाजी २ बजे कनकाई वडा नं. ८ समावेशी टोलको भित्री सडकबाट रन्जित राजवंशीको साथबाट सो मोटरसाइकल बरामद भएको थियो । मोटरसाइकलको वास्तविक नम्बर प्लेट परिवर्तन गरी मे ९ प ८६३० नम्बर लेखिएको नम्बर प्लेट राखी प्रयोग गर्दै आएका थिए ।

त्यस्तै प्रदेश १-०१-०१५ प ९२४२ नम्बरको हिरो कम्पनीको सुपर स्प्लेन्डर मोटरसाइकल गत बैशाख सो मोटरसाइकल कुमार राजवंशीले चोरी गरेका थिए । कुमारले मोटरसाइकल चोरी गरी आफ्नै दाजु रन्जितलाई रु. ९ हजारमा बिक्री गरेका थिए ।त्यस्तै रन्जितले उक्त मोटरसाइकल बिर्तामोड वडा नं. ७ मियाबारी बस्ने जागिर आलमलाई रु. १५ हजारमा बिक्री गरेका थिए ।

त्यस्तै मे ९ प ३६१८ नम्बरको बजाज कम्पनीको २२० सीसीको पल्सर मोटरसाइकल गत बैशाख ४ गते राति अर्जुनधारा वडा नं. ६ कप्तानबारीस्थित केशवकुमार लिम्बूले आफ्नो घर कम्पाउण्डमा पार्किङ गरेको ठाउँबाट चोरी भएको थियो । सो मोटरसाइकल जेठ ३ गते बिहान ३ बजे बिर्तामोड वडा नं. ४ परोपकार टोलमा डेरा गरी बस्ने जागिर आलमको कोठाबाट बरामद भएको हो । मोटरसाइकलको वास्तविक नम्बर प्लेट परिवर्तन गरी मे ११ प २९१६ नम्बर लेखिएको नम्बर प्लेट राखी प्रयोग गर्दै आएका थिए ।

कुमारले सो मोटरसाइकल पनि चोरी आफ्नै दाजु रन्जितलाई रु. १५ हजारमा बिक्री गरेका थिए ।रन्जितले उक्त मोटरसाइकल जागिर आलमलाई रु. २२ हजारमा बिक्री गरेका थिए ।जागिर आलमले बिर्तामोड बसपार्कमा मोटरसाइकल वर्कशप संचालन गर्दै आएका छन् ।

त्यस्तै प्रदेश ३-०२-००९ प ५१२७ नम्बरको टीभीएस कम्पनीको स्ट्राइकर मोटरसाइकल गत बैशाख ४ गते राति बिर्तामोड वडा नं. २ चारपाने पाथिभरा टोलस्थित अर्जुन खनालको घर कम्पाउण्डबाट चोरी भएको थियो । चोरी गर्ने व्यक्ति कुमारले उक्त मोटरसाइकल चलाई लैजाँदै गरेको अवस्थामा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले चेकिङको क्रममा उक्त मोटरसाइकलको कागजात माग्दा पेश गर्न नसकेपछि मोटरसाइकल प्रहरी कार्यालयमा राखेको थियो । सो मोटरसाइकलको वास्तविक नम्बर प्लेट परिवर्तन गरी प्र. ३-०२-००९ प १५४७ नम्बर लेखिएको नम्बर प्लेट राखी प्रयोग गर्दै आएका थिए ।

# दुर्घटनामा दुईजनाको मृत्यु

झापा(प्रस)। मोरङको रंगेली- कानेपोखरी भित्री सडकखण्डमा बसको ठक्करबाट बालिकाको मृत्यु भएको छ । सोमवार दिउँसो रंगेली नगरपालिका ८ दर्वेसा टोलस्थित रंगेली-कानेपोखरी भित्री सडकखण्डमा को १ ख २१०३ नम्बरको यात्रुबाहक बसले वडा नं ७ बस्ने दिलिप मण्डलकी छोरी १३ वर्षीया मिरा मण्डललाई बाटो क्रस गर्ने क्रममा ठक्कर दिएको थियो । गम्भीर घाइते बालिकालाई उपचारको लागि रंगेली अस्पताल लगिएकोमा डाक्टरले चेकजाँच मृत्यु भइसकेको थियो ।



बस र बस चालक मोरङ कटहरी ७ बस्ने ५५ वर्षीय चन्द्रबहादुर मगरलाई इलाका प्रहरी कार्यालय रंगेलीले नियन्त्रणमा लिएको छ ।

त्यस्तै मोरङको रतुवामाई नगरपालिका- ६ त्रिवेणी चोकमा छोराले चलाएको मोटरसाइकल दुर्घटना हुँदा आमाको मृत्यु भएको छ ।

आइतवार साँझ ६.४० बजे आमवारी -उर्लावारी सडकखण्डमा आमवारीबाट उर्लावारीतर्फ जाँदै गरेको प्र १-०२-०४५ प ९०६० नं. को मोटरसाइकल कुकुरलाई जोगाउने क्रममा अनियन्त्रित भई दुर्घटना भएको हो । दुर्घटनामा मोटरसाइकलमा पछाडी सवार ४५ वर्षीया भवानी मेहता गंभीर घाइते भएकी थिइन् । टाउको र शरीरको विभिन्न भागमा चोट लागेर उपचारको लागि रंगेली अस्पताल पठाइएकोमा उपचारको क्रममा साँझ ७;१० बजे अस्पतालले मृत घोषणा गरेको थियो । मृतकको शव सोही अस्पतालमा रहेको छ ।

मोटरसाइकल चालक मृतकका छोरा २३ वर्षीय रमेश मेहतालाई इलाका प्रहरी कार्यालय रंगेलीले नियन्त्रणमा लिएको छ ।

# चार सांसद र डीएसपी चढेको गाडी एकापसमा ठोक्किए

झापा(प्रस)। कोशी प्रदेशका चारजना सांसद चढेको कार मोरङमा दुर्घटनामा परेको छ। उक्त कार नेपाल प्रहरीका डीएसपी (प्रहरी नायव उपरीक्षक)ले चलाएको कारसँग ठोक्किएर सोमबार दिउँसो दुर्घटना भएको हो । पूर्व-पश्चिम राजमार्गअन्तर्गत कानेपोखरी गाउँपालिका-७ मा दुईवटा कार एकआपसमा ठोक्किएर दुर्घटना भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले जानकारी दिए । उनका अनुसार विराटनगरबाट झापातर्फ आउँदै गरेको बा ५ च ३५३० नम्बरको कार र झापाबाट विराटनगरतर्फ जाँदै गरेको बी एई १४०६ नम्बरको कार एकआपसमा ठोक्किएर दिउँसो २ बजेतिर दुर्घटना भएको हो । दुर्घटनामा कुनै मानवीय क्षति नभएको र सबै जना सकुशल रहेको जोशीले बताए ।



बी एई १४०६ नम्बरको कारमा कोशीका सांसदहरु मैया श्रेष्ठ लावती, राधाकृष्ण खनाल, नम्बरलाल धिमाल र विद्या चाम्लिङ सवार थिए। प्रहरीका अनुसार प्रदेशसभाको नीति तथा कार्यक्रम सार्वजनिक हुने बैठकमा सहभागी हुन विराटनगर जाँदै गरेका बेला उनीहरु दुर्घटनामा परेका हुन् । पाँचथरकी लावती नेपाली कांग्रेस, झापाका धिमाल नेकपा (एमाले) र मोरङकी चाम्लिङ नेकपा (एकीकृत समाजवादी)का समानुपातिक सांसद हुन् । खनाल झापाको निर्वाचन क्षेत्र नम्बर ४ (क)बाट निर्वाचित एमाले सांसद हुन् ।

दुर्घटना भएका बेला उक्त कार झापाको दमक नगरपालिका-१ का ४० वर्षीय भेषराज श्रेष्ठले चलाएका थिए । सांसदहरु चढेको गाडी पाँचथरकी सांसद मैया श्रेष्ठ लावतीको रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार बा ५ च ३५३० नम्बरको कार जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता डीएसपी खगेन्द्रबहादुर खड्काले चलाएका थिए । उनी विराटनगरस्थित घरबाट कार्यक्षेत्र झापा फर्किँदै गरेका बेला दुर्घटना भएको हो ।

घटनाको जानकारी पाउनसाथ इलाका प्रहरी कार्यालय पथरीबाट इन्स्पेक्टर खगेन्द्र एक्तेन नेतृत्वको टोलीले घटनास्थल पुगेर अनुसन्धान सुरु गरेको छ । दुर्घटनामा परेर दुवै कारमा सामान्य क्षति पुगेको र घटनाको थप अनुसन्धान थालिएको डीएसपी जोशीले बताए ।


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

महिला टी-२० विश्वकप

# नेपाल ग्लोबल क्वालिफायरमा

झापा(प्रस)। नेपाल आईसीसी टी-२० महिला विश्वकपको ग्लोबल क्वालिफायरमा छनोट भएको छ । थाइल्याण्डको बैंककमा जारी एसिया क्षेत्र छनोट अन्तर्गत सुपर थ्रीमा संयुक्त अरब इमिरेट्स (यूएई)लाई हराउँदै नेपाल एक खेलअगावै ग्लोबल क्वालिफायरमा छनोट भएको हो ।

बैंककस्थित टर्डथाई क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गर्दै यूएईले दिएको ११५ रनको लक्ष्य नेपालले १९ दशमलव ३ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो ।

नेपालका लागि कप्तान इन्दू वर्माले अविजित सर्वाधिक ३० रन बनाइन् । उनको कप्तानी इनिङ्समा नेपालले ग्लोबल क्वालिफायरमा स्थान बनाउन सक्यो । यस्तै रुविना क्षेत्रीले २३ रन बनाउँदा सम्झना खड्काले २१ रन बनाइन् ।

यूएईका तर्फबाट बलिङमा इसा रोहित ओजा, एस कोटे र वैष्णवी महिसले एक/एक विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङको निम्तो पाएको यूएईले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ११४ रन बनाएको थियो ।

यूएईका लागि इसा रोहित ओजाले सर्वाधिक ३९ रन बनाइन् । यस्तै त्रीथा सतिशले २१, हीना हरिस होचन्दानीले २० र लाभण्या केनीले १२ रन बनाइन् ।

नेपालका लागि मनिषा उपाध्याले सर्वाधिक चार विकेट लिइन् । चार ओभरमा २० रन खर्चिँदै उनले चार विकेट लिएकी हुन् । यस्तै कविता कुँवर दुई र राजमती ऐरीले एक विकेट लिए ।

जित्नै पर्ने दबाबपूर्ण खेलमा नेपालले शानदार पाँच विकेटको जित निकाल्यो । अब बाँकी थाइल्याण्डसँगको खेल हारे पनि नेपाललाई कुनै असर नपर्ने भएको छ । यूएई भने सुपर थ्रीमा दुबै खेल हार्दै प्रतियोगिताबाटै बाहिरिएको छ । एसिया छनोटको 'सुपर थ्री'मा आइतबार युएईलाई ५४ रनले पराजित गर्दै थाइल्यान्डले ग्लोबल छनोटमा आफ्नो स्थान सुरक्षित गरिसकेको छ ।

# कोशीको नीति तथा कार्यक्रम सार्वजनिक



झापा(प्रस) । कोशी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सोमबार सार्वजनिक गरिएको छ।

प्रदेश प्रमुख पर्शुराम खापुङले आगामी नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत गरेका हुन्। प्रदेशसभाको सातौं अधिवेशनको दोस्रो बैठकमा प्रस्तुत नीति तथा कार्यक्रमले प्रदेशको दिगो विकास, वित्तीय सुशासन र प्रशासनिक सुधारलाई प्राथमिकतामा राखेको छ। नीति तथा कार्यक्रमले प्रदेश संरचनाको सुदृढीकरण र संघीय व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ।

आन्तरिक राजस्व वृद्धि, स्रोतको दीर्घकालीन व्यवस्थापन र नीतिगत सुधारका साथै आर्थिक आत्मनिर्भरता र वित्तीय पारदर्शिताका लागि शासकीय सुधारमार्फत स्रोत परिचालनलाई सुदृढ गर्ने योजना प्रदेशसभामा प्रस्तुत गरिएको छ। प्रदेश सरकारले दिगो विकास योजनामा भौतिक पूर्वाधार, कृषि, सूचना प्रविधि, ऊर्जा र पर्यटन क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ।

कोशी पर्यटन वर्ष २०८२ लाई आधार वर्षका रूपमा लिएर राष्ट्रिय पुँजी विकास गर्ने लक्ष्य नीति तथा कार्यक्रममार्फत प्रस्तुत गरिएको छ। पर्यटक भित्र्याउन नीतिगत र संरचनागत सुधार तथा पर्यटकीय पूर्वाधार विस्तारमा जोड दिइने नीति तथा कार्यक्रममा उल्लेख छ। यस अघि सम्पन्न प्रदेश लगानी सम्मेलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै सार्वजनिक-निजी साझेदारी तथा सहकारी अवधारणामा आधारित परियोजना विकासलाई प्रोत्साहित गरिने योजनासमेत समावेश गरिएको छ।

लगानी सम्मेलनले स्थानीय लगानी प्रवाहलाई गति दिएर प्रदेशको समग्र आर्थिक वृद्धिमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ। शासकीय सुधारका लागि सेवाप्रवाहलाई चुस्तदुरुस्त बनाउन नीतिगत पुनरावलोकन, संस्थागत पुनर्संरचना र प्रशासनिक सुधारमा जोड दिइने विषय नीति तथा कार्यक्रममा समेटिएको छ।

जनतासँगको सीधा सम्पर्क, सेवा प्रवाहमा पारदर्शिता र नीतिगत स्पष्टतालाई प्राथमिकता दिँदै सुशासन प्रवर्द्धनको योजनासमेत अघि सारिएको छ। प्रदेश सरकारले आर्थिक वृद्धि, रोजगारी सिर्जना, उत्पादन वृद्धिसँगै वातावरण संरक्षण र जलवायु परिवर्तनका असरलाई समेत ध्यानमा राखेर सन्तुलित र दिगो विकासका योजना अघि नीति तथा कार्यक्रममार्फत अघि सारेको छ।

# घरजग्गा कारोबारबाट उठ्यो पौने ३८ अर्ब राजस्व

झापा(प्रस) । चालु आर्थिक वर्षको १० महिनामा घरजग्गा कारोबारबाट ३७ अर्ब ७६ करोड ७१ लाख रुपैयाँ राजस्व उठेको छ । सबैभन्दा बढी राजस्व वैशाखमा ४ अर्ब ५४ करोड २२ लाख रुपैयाँ उठेको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ ।

सबैभन्दा कम राजस्व कात्तिकमा २ अर्ब ७० करोड ४० लाख रुपैयाँ उठेको विभागको भनाइ छ । साउनमा ३ अर्ब ८३ करोड ५० लाख, भदौमा ३ अर्ब ९ करोड २ लाख, असोजमा ३ अर्ब ८ करोड १२ लाख, मंसिरमा ३ अर्ब ८७ करोड ४८ लाख, पुसमा ४ अर्ब २५ करोड, माघमा ३ अर्ब ८७ करोड, फागुनमा ४ अर्ब १२ करोड र चैतमा ४ अर्ब ३९ करोड ४६ लाख रुपैयाँको कारोबार भएको विभागको तथ्यांक छ ।

वैशाखमा राजस्वसँगै कुल कित्ताकाट पनि बढेको छ । तर कुल कारोबार चैतको तुलनामा घटेको विभागको तथ्यांक छ । कुल कारोबार घटे पनि चैतको तुलनामा वैशाखमा घरजग्गा कारोबार र कित्ताकाट दुवैको लिखत पारित बढेको विभागले जनाएको छ । वैशाखमा मात्रै ५२ हजार ४२३ वटा नयाँ घरजग्गा किनबेच भएका छन् । गत चैतमा ४९ हजार ८ सय ३२ वटा नयाँ घरजग्गा किनबेच भएको थियो । वैशाखमा कुल १ लाख ४४ हजार ६० र चैतमा १ लाख ४७ हजार ४ सय १६ वटा कारोबार भएको विभागको तथ्यांक छ । चालु आर्थिक वर्षको साउनदेखि वैशाखसम्म कुल १२ लाख ६९ हजार ४ सय ४८ कारोबार भएको विभागको तथ्यांक छ ।

चालु आर्थिक वर्षमा हालसम्मकै उच्च ५७ हजार ९२८ पटक कित्ताकाट लिखत पारित भएको विभागले बताएको छ । गत चैतमा ५४ हजार २ सय ७९ पटक कित्ताकाट लिखत पारित भएको थियो । लिखत पारित भन्नाले सोही महिनामा मात्रै नयाँ भएको कारोबार वा कित्ताकाट बुझिन्छ । समग्र कारोबार र कित्ताकाटमा नामसारी, संशोधन, हाल साविक, जग्गा बाँडफाँटलगायत हुन्छ । वैशाखमा कुल १ लाख २८ हजार ४ सय ८७ पटक कित्ताकाट भएको छ । यसअघि सबैभन्दा कम कित्ताकाट भदौमा ६१ हजार ३ सय ३२ पटक भएको छ । चालु आर्थिक वर्षको साउनदेखि वैशाखसम्म कुल ९ लाख ९७ हजार ९ सय २७ पटक कित्ताकाट भएको विभागको भनाइ छ ।

# राजदूत र कर्मचारीको घर भाडामा मात्रै ९३ करोड



झापा(प्रस) ।महालेखा परीक्षकको ६२औं प्रतिवेदनका अनुसार गत वर्ष विदेशस्थित ३८ नियोगका राजदूतसहित अन्य कर्मचारीको घरभाडामा मात्रै झन्डै एक अर्ब भएको छ।

परराष्ट्र मन्त्रालयले घर भाडासम्बन्धी मापदण्ड नबनाएका कारण विदेशस्थित राजदूत र कर्मचारीका लागि 'मनलाग्दी' घर भाडामा खर्च गरिरहेका छन्। महालेखापरीक्षकको ६२औं प्रतिवेदनमा भनिएको छ, 'मन्त्रालयले कर्मचारीको पदीय स्तरअनुसार मापदण्ड तथा रकमको सीमा तोकेको छैन। घरभाडा सुविधासम्बन्धी मापदण्ड निर्धारण गर्नुपर्छ।'

पूर्वराजदूत डा. दिनेश भट्टराई विदेशस्थित नियोगले प्रमुख र कर्मचारीको घरभाडा र टिकटमा धेरै खर्च गर्ने गरेको बताउँछन्। 'सबै ठाउँ महँगा छैनन्,' पूर्वराजदूत भट्टराई भन्छन्, 'कहीँ ३/४ हजार डलर भाडामा बसेका नियोगहरू छन्। कतै भने १२/१३ हजार डलरसम्म महिनाको तिरिरहेका छन्। नियोगहरूले अरू क्षेत्रमा न्यून बजेट पाउँछन्। तर, घरभाडामा धेरै खर्च गर्ने गरेका छन्।' महालेखाको प्रतिवेदनमा उल्लेख भएअनुसार ४० नियोगमा जम्मा १ सय ८८ चारपाङ्ग्रे सवारीसाधन छन्। गत आर्थिक वर्ष एउटै नियोगले ३६ लाखसम्म सवारी मर्मतमा खर्च गरेको महालेखाको प्रतिवेदनमा छ। सबै नियोगले उक्त वर्ष ५ करोड ३२ लाख ५६ हजार सवारी मर्मतमा खर्च गरेका थिए।

त्यसैगरी ४० नियोगमा इन्धनमा मात्र ५ करोड ३३ लाख खर्च भएको थियो।

# १२ वर्षपछि फरार अभियुक्त पक्राउ



झापा(प्रस)। जिल्ला प्रहरी कार्यालय इलामले बहुविवाह कसुरका एक फरार अभियुक्तलाई १२ वर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा इलाम देउमाई नगरपालिका घर भई हाल इलाम नगरपालिका १२ साङरुम्बा बस्ने ५९ वर्षीय मानबहादुर राई रहेका छन् ।

अभियुक्त राईलाई २०७० पुष १६ गते इलाम जिल्ला अदालतको फैसलाले ११ महिना ६ दिन कैद र ५ हजार रुपैयाँ जरिवाना तोकेको थियो । फरार रहेका अभियुक्तलाई खोजतलास गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय इलामबाट खटिएको प्रहरी टोलीले लुकिछिपी बसिरहेको अबस्थामा सोमवार इलाम नगरपालिका १२ स्थित साङरुम्बाबाट पक्राउ गरेको हो । पक्राउ फरेका राईलाई इलाम जिल्ला अदालतमा उपस्थित गराई अदालतको आदेशले सोमवार नै कारागार पठाइएको इलाम प्रहरीले जनाएको छ ।

## बिर्तामोडमा...

वडा नम्बर ३ को सिमानादेखि वडा नम्बर २ हुँदै कनकाई नगरपालिका जोड्ने यस सडकको स्तरोन्नति ३ खण्डमा विभाजन गरेर धमाधम भइरहेको छ । चारपाने-घैलाडुवा सडक खण्डदेखि पश्चिम घाग्रा पुलसम्मको १ किलोमिटर सडक खण्डमा सडक डिभिजन कार्यालयको ६ करोड रुपैयाँ बजेटबाट शान्ति निर्माण सेवा प्रा.लिले धमाधम ड्रेन निर्मणको काम गरिरहेको वडा अध्यक्ष किशोर पौडेलले जानकारी दिए ।

यस्तै सडक डिभिजन कार्यालय दमकको १ करोड ४४ लाख रुपैयाँमा कछुवारीदेखि दाहाल गाउँसम्मको ७ सय मिटरमा जय लक्ष्मी निर्माण सेवाले काम गर्दैछ ।यहाँ ड्रेन निर्माणसंगै सडकको बिच भागमा डिभाइडर निर्माणको काम भइरहेको छ ।

यस्तै कोशी प्रदेश सरकार र बिर्तामोड नगरपालिकाको २ करोड ६० लाख रुपैयाँ समपुरक बजेटबाट दाहाल गाउँदेखि लालमाटी चोक पश्चिम खण्डसम्म १ किलोमिटर क्षेत्रमा काम भइरहेको छ । यहाँ कालोपत्रेका लागि प्राइम लगाउने काम सम्पन्न भएको र केहि दिनभित्रमा कालोपत्रे गरिने निर्माण कम्पनीका दिनेश मैनालीले जानकारी दिए ।

**सहिद चन□मार्ग**

बिर्तामोड नगरपालिका र हल्दिबारी गाउँपालिका जोड्ने सहिद चन्द्रमार्ग सडक पनि स्तरोन्नतिको क्रममा छ । वडा नम्बर ३ देखि वडा नम्बर ९ नडियाबारी जाने यस सडकमा ड्रेन तथा नाला निर्माणको काम धमाधम भइरहेको छ । यहाँ पनि विभिन्न ३ खण्डमा काम भइरहेको छ ।

५ करोड ६० लाख रुपैयाँ बजेटमा १ हजार ९ सय ६० मिटर सडकमा सिद्दीथुम्का एभरग्रिन जेभीले काम गरिरहेको छ । यस खण्डमा हालसम्मको प्रगति ४० प्रतिशत भएको ठेकेदार नविन खरेलले जानकारी दिए । उनले अवको १५ दिनमा कालोपत्रेको काम हुने जानकारी दिए । यस्तै अर्को खण्डमा ट्रस्ना निर्माण सेवाले २८५ मिटर क्षेत्रमा काम गर्दै छ । ६८ लाख ९३ हजार ३३५ रुपैयाँमा ठेक्का लिएर ट्रस्नाले काम गर्दै आएको हो । यस्तै अर्को ४ सय ७० मिटर खण्डमा १ करोड ५ लाख रुपैयाँमा ठेक्का लिएर नाम्लाक निर्माण सेवाले काम गर्दैछ । दुवैपट्टी डेमोक्रेसन वालसमेत रहेको यस खण्डमा अबको १५ दिनमा कालोपत्रे गरिने ठेकेदार कम्पनीका केशब लिम्बुले जानकारी दिए । बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाईले नगरमा सडक स्तरोन्नतिका धेरै वटा काम भइरहेको बताइन् । निर्धारित समयमा नै काम सम्पन्न गर्न ठेकेदारलाई निर्देशन दिँदै उनले आवश्यक अनुगमनसमेत गर्दै आएको जानकारी दिइन् । नगर प्रमुख प्रसाईले चालु आर्थिक वर्षमा साना ठुला गरेर करिब २ अर्ब रुपैयाँ भन्दा बढीका योजना सञ्चालन भइरहेको बताइन् ।


असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/२/६

यस संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतको सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल :

| क्र.सं. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १. | अम्बिकादेवी कार्की | मेचीनगर ६ | खडगबहादुर खड्का | | नर बहादुर कार्की | अम्बिका देवी कार्की | काँकरभिट्टा |
| २. | बासुदेव बाराकोटी | मेचीनगर ५ | लोकनाथ बाराकोटी | छविलाल बाराकोटी | इन्दिरा बाराकोटी | बासुदेव बाराकोटी | काँकरभिट्टा |
| ३. | चन्द्रप्रसाद प्रसाई | मेचीनगर ६ | टिका प्रसाद प्रसाई | गोकुल प्रसाई | टिका देवी प्रसाई | चन्द्र प्रसाद प्रसाई | काँकरभिट्टा |
| ४. | देवप्रकाश राई | मेचीनगर ५ | शेर बहादुर राई | धन बहादुर राई | गिता गिरी | शेर बहादुर राई | काँकरभिट्टा |
| ५. | धनप्रसाद राई | मेचीनगर ६ | असारजित राई | धने राई | भिमा देवी राई | धन प्रसाद राई<br>भिमा राई/हिम बहादुर राई | काँकरभिट्टा |
| ६. | दिल बहादुर बि.क. | मेचीनगर ५ | सर्वजित बि.क. | गोल्ठे बि.क. | चित्र कुमारी बि.क. | दिल बहादुर बि.क. | काँकरभिट्टा |
| ७. | इमानसिंह बि.क. | मेचीनगर ६ | धन बहादुर सुनार | छबिलाल सुनार | दुर्गा विश्वकर्मा | इमानसिंह बि.क. | काँकरभिट्टा |
| ८. | सुनिता तामाङ | मेचीनगर ६ | लाल बहादुर तामाङ | राम बहादुर तामाङ | मेघ बहादुर तामाङ | सुनिता तामाङ | काँकरभिट्टा |
| ९. | लक्ष्मी राना | मेचीनगर ६ | भक्त बहादुर मगर | रुद्र बहादुर मगर | लोकनाथ राना | लक्ष्मी राना | काँकरभिट्टा |
| १०. | कृष्ण प्रधान | मेचीनगर ६ | रण बहादुर प्रधान | बुद्धिमान प्रधान | कौसिला प्रधान | कौसिला प्रधान | काँकरभिट्टा |
| ११. | यज्ञ प्रसाद मैनाली | मेचीनगर ६ | नन्द लाल मैनाली | जय नारायण मैनाली | शावित्रा गौतम | यज्ञ प्रसाद मैनाली | काँकरभिट्टा |
| १२. | नरेन्द्र भट्टराई | मेचीनगर ६ | तुलसीप्रसाद भट्टराई | पशुपतिनाथ भट्टराई | बिमला भट्टराई | नरेन्द्र भट्टराई | काँकरभिट्टा |
| १३. | निशा लिम्बु | मेचीनगर ७ | रामलाल तामाङ | | भिम बहादुर लिम्बु | निशा लिम्बु | काँकरभिट्टा |
| १४. | प्रेम नारायण ओझा | मेचीनगर ६ | जगनाथ ओझा | जय नारायण ओझा | साबित्रा न्यौपाने | प्रेम नारायण ओझा | काँकरभिट्टा |
| १५. | राजु गुरुङ | मेचीनगर ६ | टंक प्रसाद गुरुङ | रन बहादुर गुरुङ | चन्द्र कला गुरुङ | राजु गुरुङ, चन्द्र कला गुरुङ | काँकरभिट्टा |
| १६. | साबित्रा कार्की | मेचीनगर ६ | छत्र बहादुर थापा | नैनसिंह थापा | कृष्ण बहादुर कार्की | कृष्ण बहादुर कार्की | काँकरभिट्टा |
| १७. | संजोक कार्की | मेचीनगर ६ | नर बहादुर कार्की | गणेश बहादुर कार्की | रोमा कार्की | नर बहादुर कार्की | काँकरभिट्टा |
| १८. | सन्तोष बहादुर सुब्बा | मेचीनगर ६ | छत्र बहादुर सुब्बा | सरुपसिंह सुब्बा | मिना कुमारी लिम्बु | सन्तोष बहादुर सुब्बा | काँकरभिट्टा |
| १९. | तुलसीदास प्रधान | मेचीनगर ५ | गंगा प्रसाद प्रधान | कुल प्रसाद प्रधान | देउ कुमारी प्रधान | तुलसीदास प्रधान | काँकरभिट्टा |
| २०. | देवीमाया मगर | मेचीनगर १४ | गोबिन्द मगर | मन बहादुर मगर | बिजय मगर | देवीमाया मगर | चारआली |
| २१. | प्रेमबहादुर लिम्बु | बुद्धशान्ति ३ | कालीबहादुर लिम्बु | बिरमान लिम्बु | पुर्णकुमारी लिम्बु | प्रेमबहादुर लिम्बु | चारआली |
| २२. | दिलमाया फागो | बुद्धशान्ति ३ | टेकबहादुर लिम्बु | काजीमान लिम्बु | राज बहादुर फागु | राज बहादुर फागु | चारआली |
| २३. | सुरेश महतो | बुद्धशान्ति ३ | प्रेमलाल महतो | ठेकु महतो | गङगादेवी महतो | सुरेश महतो | चारआली |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
मेची क्षेत्रीय उपसमिति



## बिर्तामोड नगरपालिकाको

### अत्यन्त जरुरी सूचना

**यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।**

**अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।**

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# गभर्नर नियुक्तिमा खिचातानी

सरकारले २४ चैत २०८१ देखि रिक्त राष्ट्र बैंक गभर्नरमा नियुक्तिका लागि अर्थमन्त्री विष्णु पौडेल संयोजकत्वमा डा. पोषराज पाण्डे र निवर्तमान गभर्नर महाप्रसाद अधिकारी सदस्य भएको सिफारिस समिति बनाएको छ । समिति बनेदेखि हालसम्म पनि बैठक भने बसेको छैन । सोमबार नियमित बस्नुपर्ने मन्त्रिपरिषद् बैठक स्थगित भएको छ ।

समितिका एक सदस्यका अनुसार गभर्नर छिट्टै नियुक्त होस् भन्ने भए पनि हालसम्म बैठक बस्न सकेको छैन ।

समितिले गभर्नरका लागि ३ जनाको नाम सिफारिस गर्नुभन्दा अघि दाबेदारको व्यक्तिगत विवरणको विस्तृत अध्ययन तथा मूल्यांकन नगरी सिफारिस नगर्ने समितिका सदस्यहरूको अडान रहेको ती सदस्यले बताए ।

अर्थ मन्त्रालय स्रोतका अनुसार सदस्यहरूले दाबेदारको व्यक्तिगत विवरण मूल्यांकन तथा अध्ययन गर्नुपर्ने भएपछि केही समय लाग्ने भएकाले सोमबारको मन्त्रिपरिषद् बैठकले गभर्नर नियुक्त गर्ने निर्णय नगरेको हो ।

सरकारले निवर्तमान गभर्नरको कार्यकाल सकिनुभन्दा एक महिनाअघि नै नयाँ गभर्नर नियुक्त गरेर सार्वजनिक गर्नुपर्ने राष्ट्र बैंक ऐनमा छ । तर, सरकारले पद रिक्त भएको डेढ महिना बितिसक्दा पनि नियुक्ति प्रक्रिया नै अघि बढेको छैन ।

सरकारमा प्रतिनिधित्व गर्ने राजनीतिक दलबीच प्रा. डा. विश्व पौडेललाई गभर्नर बनाउने सहमति भए पनि सिफारिस समितिले काम गर्न नसक्दा नियुक्तिमा झनै ढिलाइ हुने भएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओली सत्ता साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले अघि सारेको व्यक्तिमा सहमत भए पनि राष्ट्र बैंक नेतृत्वमा कांग्रेस समर्थकलाई सहजै दिन चाहेको देखिँदैन । प्रधानमन्त्री ओलीले राष्ट्रपति पहिलो महिला बनाएको भन्दै गभर्नरमा पनि महिला बनाउने भन्दै आएका थिए । पछिल्लो गतिविधि अनुसार ओलीले हालका वरिष्ठ डेपुटी गभर्नर डा. निलम ढुंगानालाई गभर्नर बनाउने अवस्था आएपछि सिफारिस समितिले काम गर्न नसकेको हो ।

सिफारिस समितिले काम अघि नबढाएको खण्डमा विश्व पौडेललाई गभर्नर बनाउने कांग्रेसको चाहना पनि डा. गुणाकर भट्टको जस्तै नहोला भन्न सकिँदैन ।

गभर्नर नियुक्तिका लागि सरकारमा रहेका दलको खिचातानीमा बिचौलियाहरूको पनि सक्रियता उत्तिकै छ । बिचौलियालाई डिजिटल बैंकको लाइसेन्स तथा अन्य नीतिगत स्वार्थमा लागिपरेका छन् ।

तर, राजनीतिक दलहरूमा सरकारको प्रतिपक्षको भूमिका केन्द्रीय बैंक नेतृत्व एक्लैले गर्न सक्ने भएकाले एमाले कांग्रेसको खिचातानी देखिएको हो ।आर्थिक क्रियाकलाप बढाउन वा घटाउने नीति अवलम्बन गरेर सरकारलाई अलोचित वा असफल बनाउने सक्ने क्षमता गभर्नरको हुन्छ । त्यसले गर्दा पनि प्रधानमन्त्री ओलीले आफूनिकट गभर्नर बनाउन चाहन्छन् ।

# सुधारको शुभारम्भ शिरबाटै



• यज्ञप्रसाद भट्टराई

कुनै पनि राष्ट्र वा संस्थामा सुधार तब मात्र दीर्घकालीन र प्रभावकारी हुन्छ, जब त्यसको नेतृत्व स्वच्छ, उत्तरदायी र सुधारप्रति प्रतिबद्ध हुन्छ भन्ने यसको सैद्धान्तिक मान्यता हो । शिर (राजनीति) सुधारिएमा अरू अङ्ग (कर्मचारी, जनता, प्रणाली) पनि त्यसको अनुसरण गर्न बाध्य हुन्छन् । परिवर्तनको सुरुवात मूलबाटै वा राजनीतिक तहबाटै गर्नु पर्छ । मुलुकमा परिवर्तनका लागि राजनीति वा राजनीतिक नेतृत्व नै मार्गदर्शक हो तसर्थ थालनी पनि त्यहीबाट हुनु पर्छ, जसले गर्दा त्यसको प्रभाव असरदायी हुन्छ ।

मुलुकमा राजनीतिक पद र सुविधा कटौती गर्दै सुधार गर्ने निर्णय विश्वका थुप्रै देशले गरेको पाइन्छ । प्राय आर्थिक सङ्कट, जनदबाब, बजेट घाटा, भ्रष्टाचार नियन्त्रण वा शासनको विश्वसनीयता पुनर्स्थापना गर्ने प्रयासका रूपमा सुधार विभिन्न समयमा विभिन्न कारणले लागु गरिएको उदाहरण विश्वका विभिन्न देशमा पाइन्छ ।

ग्रिसमा सन् २०१०/२०१८ मा संसद् सदस्यको तलब घटाइयो । मन्त्रीहरूको संख्या घटाइयो र राजनीतिक सल्लाहकारको पद कटौती गरिएको पाइन्छ । इटालीमा सन् २०११/२०१३ मा संसद् सदस्यको संख्या घटाउने प्रस्ताव ल्याइयो । बेलायतमा सन् २०१० पछि मन्त्री र सांसदहरूको तलब वृद्धि स्थगन गरिएको थियो । सःशुल्क सल्लाहकारको संख्या पनि घटाइएको थियो । भारतमा सन् २०२० (कोभिड-१९ महामारी समयमा) सांसद तथा मन्त्रीहरूको तलब ३० प्रतिशतले कटौती गरिएको थियो । सांसद विकास कोषलाई दुई वर्षका लागि स्थगन गरिएको पाइन्छ ।

माल्दिभ्समा सन् २०१८/२०२० को समयमा राजनीतिक नियुक्ति घटाइएको थियो । साथै मन्त्री र सांसदहरूको खर्च नियन्त्रणसमेत गरियो । त्यसैगरी सल्लाहकारको संख्या पनि घटाएको छ । अहिलेका राष्ट्रपतिले पनि व्यापक रूपमा राजनीतिक पद कटौती गर्ने निर्णय गरेका छन् । अर्जेन्टिनामा सन् २०१८ मा मन्त्रालयहरूको संख्या घटाइ २२ बाट १० गरिएको थियो । राजनीतिक नियुक्तिहरूमा प्रतिबन्ध लगाइएको छ । केन्यामा सन् २०२३ मा सरकारी तामझाममा खर्च घटाउने घोषणा गरियो । मन्त्रीपरिषद्का सुविधा (गाडी, सुरक्षा, भत्ता) मा कटौती गरियो । नयाँ राजनीतिक नियुक्तिमा रोक लगाइएको छ । यसले सुधारको सुरुवात राजनीतिक तहबाटै वा शिरबाटै हुनुपर्ने रहेछ भन्ने इङ्गित गर्छ ।

राजनीतिक पद र सुविधामा कटौती प्राय आमरूपमा सुधार गर्न वा अर्थतन्त्रमा सुधार गर्न वा जनदबाबको कारणले गरिन्छ । यस्ता निर्णयले सरकारको विश्वसनीयता बढाउँछ । यस्ता सुधार राजनीतिक नेतृत्व वा तहबाटै पहल गरी लागु गरिन्छ र यसको प्रभाव देशको अर्थतन्त्र, जनजीवन र राजनीतिक स्थिरता माथि पर्न सक्छ ।

हाम्रो देशमा पनि यस खाले सुधारको टड्कारो आवश्यकता महसुस गरिएको छ । नागरिकको तहबाट पनि यस्ता कुरा उठ्ने गरेका छन् । अर्थतन्त्रमा सुधार गर्न र जनआवाजलाई पनि सम्बोधन गर्नुका साथै देशमा सकारात्मक सन्देश प्रवाह गर्न केही राजनीतिक पद र त्यस्ता पदलाई प्रदान गरिएका सुविधा कटौती गरी सुधारको थालनी गर्न आवश्यक छ ।

राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७४ को दफा १३ मा राष्ट्रपतिले सात र उपराष्ट्रपतिले पाँच जना विज्ञ नियुक्त गर्न सक्ने व्यवस्था छ । दफा १४ मा राष्ट्रपतिको निजी सचिवालयमा ३१ जना र उपराष्ट्रपतिको निजी सचिवालयमा १५ जना कर्मचारी रहने व्यवस्था छ । यो संख्या केही मात्रमा घटाउनु उपयुक्त हुन्छ । विज्ञको संख्या घटाउन ऐनमा संशोधन गर्नुपर्ने हुन्छ तर निजी सचिवालयमा रहने कर्मचारीको संख्या नेपाल सरकारले अनुसूचीमा संशोधन गरेर घटाउन सक्छ ।

प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७४ को दफा १३ मा प्रदेश प्रमुखले नियुक्ति गर्ने विज्ञको संख्या नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ । दफा १४ मा प्रदेश प्रमुखको निजी सचिवालयमा १२ जना कर्मचारी रहने व्यवस्था गरिएको छ । यसमा विज्ञको संख्या नेपाल सरकारले घटाउन सक्ने र निजी सचिवालयमा रहने कर्मचारीको संख्या सरकारले अनुसूचीमा संशोधन गरेर घटाउन सक्ने छ ।

मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०४९ को दफा १३ मा निजी सचिवालयका लागि कर्मचारी तोकिएबमोजिम हुने व्यवस्था छ । नेपाल सरकारको निर्णयले विज्ञ एवं निजी सचिवालयमा रहने कर्मचारीको संख्या अधिक मात्रमा तोकिएको छ । प्रधानमन्त्री तथा मन्त्रीहरूको निजी सचिवालयमा रहने कर्मचारी एवं विज्ञको संख्या सरकारले तोकेकाले नेपाल सरकारले नै केही मात्रमा संख्या घटाउन सक्छ । संघीय संसद्का पदाधिकारी र सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ को दफा ५ मा निजी सचिवालयमा रहने कर्मचारी अनुसूची-२ बमोजिम हुने व्यवस्था छ । अनुसूचीमा कर्मचारीको संख्या तोकिएको छ । अनुसूची सरकारले हेरफेर गर्न सक्ने व्यवस्था छ ।

सभामुख, अध्यक्ष, विपक्षी दलको नेता, सत्ता पक्षको नेता, सत्ता पक्षको मुख्य सचेतक, उपसभामुख, उपाध्यक्ष, विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक, दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक, विपक्षी दलको सचेतक र सभापति तथा संसद् सदस्यको निजी सचिवालयमा कर्मचारी रहने व्यवस्था छ । यसर्थ अनुसूची हेरफेर गरी निजी सचिवालयमा कर्मचारीको संख्या घटाउन सकिन्छ । प्रदेशहरूमा समेत सोहीबमोजिम कानुन बनाएर धेरै संख्यामा विज्ञ एवं निजी सचिवालयमा कर्मचारी राख्ने व्यवस्था भएको र केन्द्रको संख्यामा कटौती भएमा प्रदेशहरूले पनि पुनर्विचार गर्न बाध्य हुने र खर्च कटौती पनि हुने छ ।

खर्च कटौती गर्न सक्ने अन्य विषय पनि रहेका छन् । नेपाल कानुन आयोग ऐन, २०६३ को दफा ४ मा अध्यक्ष र उपाध्यक्ष रहने व्यवस्था छ । सरकारले मनोनित गरेका तीन जना सदस्यसमेत रहने र अन्य पदेन सदस्य रहने व्यवस्था छ । दफा १४ मा अध्यक्ष र उपाध्यक्षले क्रमशः सर्वोच्च अदालतका न्यायाधीश र संवैधानिक निकायका प्रमुख पदाधिकारीले पाएसरहको पारिश्रमिक र सेवा सुविधा पाउने व्यवस्था छ । यसमा पनि उक्त ऐन संशोधन गरी उपाअध्यक्ष पद हटाई अध्यक्ष मात्र रहने व्यवस्था गर्ने गर्दा उपयुक्त हुन्छ ।

महालेखा परीक्षकको ६२ औं प्रतिवेदनले समेत निर्वाचित हुने पदबाहेक राज्यकोषबाट तलब सुविधा बेहोरिने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनु पर्छ भनी सुझाव दिएको छ । कार्यविवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायको पुनरवलोकन गर्नुपर्ने विषय उठेको छ । उदाहरणका रूपमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत पर्ने जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, जलस्रोत तथा सिँचाइ विभाग, भूमिगत जलस्रोत विकास समिति, जल तथा ऊर्जा आयोगको सचिवालय र विद्युत् विकास विभागको कतिपय कार्यमा दोहोरोपन भएको र कामको प्रकृतिसमेत मिल्दोजुल्दो भएको हुँदा यी संरचनालाई गाभेरएउटै निकाय बनाउन सकिन्छ । यस्ताखाले धेरै संरचना पुनरावलोकन गर्नुपर्ने हुन्छ । विगतका सार्वजनिक खर्च पुनरावलोकन गर्नेसम्बन्धी विभिन्न प्रतिवेदनहरूले समेत यस्ता विषय उठान गरेको छ ।

नेपालको संविधानमा समेत विभिन्न आयोग र निकाय रहेका छन् । संविधानमा रहेका १२ वटा संवैधानिक आयोगमा अध्यक्ष र चार जना सदस्य गरी पाँच सदस्यीय आयोग रहने व्यवस्था छ । केही आयोग जस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग र लोक सेवा आयोगमा कार्यचाप बढी छ । यी दुई आयोगबाहेक अरू १० वटा आयोगमा अध्यक्षसहित तीन जना सदस्य राख्न उपयुक्त हुन्छ ।

भारतमा निर्वाचन आयोगमा तीन जना सदस्य रहने व्यवस्था छ । कार्य चापको हिसाबले नेपाल जस्तो देशमा यति धेरै संख्यामा आयोगमा रहने पदाधिकारी आवश्यक पर्दैन । यसले धेरै खर्च पनि बढाएको छ । यसका लागि संविधान संशोधन गर्नुपर्ने हुन्छ । आगामी बजेटमा सरकारले राजनीतिक सहमतिको आधारमा संविधान संशोधन गरी संवैधानिक आयोग र अन्य आयोगमा रहने पदाधिकारीको संख्यामा पुनरावलोकन गरिने छ भनी राख्न उपयुक्त हुन्छ ।

राजनीतिक पद एवं पदाधिकारीको निजी सचिवालयमा रहने कर्मचारीको योग्यता एवं नियुक्ति प्रक्रियासमेतको सम्बन्धमा विभिन्न तह र तप्काबाट आवाज उठेका छन् । राजनीतिक पद एवं पदाधिकारीको निजी सचिवालयमा रहने कर्मचारीले राज्यको स्रोतबाट तलबभत्ता खाने व्यवस्था छ । यी सार्वजनिक जवाफदेहीका पद हुन् । तसर्थ यस्ता पदमा आफ्ना नातागोताका व्यक्ति सोझै नियुक्त गर्न मिल्ने हो वा होइन यो प्रश्न पनि छ । राज्यको स्रोतबाट तलब भत्ता खाने र राज्यको स्रोत प्रयोग गर्ने व्यक्तिको नियुक्ति पारदर्शी रूपमा कानुनबमोजिमको योग्यता पुगेका र क्षमतावान् व्यक्ति हुनु आवश्यक छ । यसका लागि एउटा मापदण्ड बनाई व्यवस्थित गर्नु जरुरी छ । त्यसै गरी विज्ञ एवं सल्लाहकार राख्ने व्यवस्थाको बारेमा समेत विभिन्न आवाज उठेका छन् । मन्त्रीहरूको स्थायी सल्लाहकार भनेको नै कर्मचारीतन्त्र हो । वैतनिक सल्लाहकार राख्नु आवाश्यक छैन र राख्नुपर्ने आवश्यकता परेमा अवैतनिक रूपमा राख्ने वा जटिल विषयमा राय सल्लाह लिनुपर्ने भएको अवस्थामा निश्चित समयका लागि सेवा करारमा लिन सकिन्छ ।

यसर्थ यस्ता विषयलाई ध्यान दिई शिरबाटै सुधार गरियो भने यसको सन्देश सकारात्मक जान्छ । विश्वको दृष्टान्त हेर्दा पनि सुधारको सुरुवात मुहानबाटै भएको पाइन्छ । यस वर्षको बजेट वक्तव्यमा राष्ट्रपति, उपराष्ट्रपति, प्रदेश प्रमुख, प्रधानमन्त्री, मन्त्री तथा सभामुख, अध्यक्ष, विपक्षी दलको नेता, सत्ता पक्षको नेता, सत्ता पक्षको मुख्य सचेतक, उपसभामुख, उपाध्यक्ष, विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक, दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक, विपक्षी दलको सचेतक र सभापति तथा संसद् सदस्यको निजी सचिवालयमा रहने विज्ञ एवं सल्लाहकार तथा कर्मचारीको दरबन्दी एवं संख्या प्रचलित कानुनमा संशोधन गरी वा अनुसूचीमा हेरफेर गरी पुनरावलोकन गरिने छ भन्ने विषय समावेश गर्न सके राम्रो सन्देश प्रवाह हुने छ । यसले आमजनतामा रहेको निराशालाई थोरै भए पनि चिर्ने काम गर्छ ।

# अपराध न्यूनीकरणका उपाय



• निशा चौधरी



समाजमा विभिन्न किसिमका नियम, कानुन, मूल्य र मान्यता रहेका हुन्छन् । यस्ता नियम, कानुन, चालचलन विपरीत गरिने कार्यलाई अपराध भनिन्छ । अपराध गर्ने व्यक्तिलाई अपराधी भनिन्छ । समाजशास्त्री इमाइल दुर्खिमले 'अपराधलाई समाजको स्वाभाविक र अभिन्न अङ्ग' मानेका छन् । उनले समाजको सिर्जनाको साथसाथै अपराधको पनि सिर्जना हुने कुरा उल्लेख गरेका छन् । यस प्रकार कानुनको उल्लङ्घन गर्ने, अस्वीकृत व्यवहार देखाउने सामाजिक मूल्य मान्यताको उल्लङ्घन गर्ने र समाज विरोधी क्रियाकलाप गर्नेलाई अपराधी भनिन्छ ।

कुनै व्यक्तिले आफ्नो परिवार, समाज र राष्ट्रका लागि विभिन्न कार्य गर्दै आएका हुन्छन् । त्यस्ता कार्यहरू कुनै पनि व्यक्ति, परिवार, समाज र राष्ट्रका हित अनुकूल हुन्छन् त कुनै हितमा बाधा पुऱ्याउने । यस आधारमा मानिसले गर्ने क्रियाकलापलाई दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ । ती हुन्–समाजद्वारा स्वीकृत क्रियाकलाप र समाजद्वारा अस्वीकृत क्रियाकलापहरू । राज्यको कानुनविरुद्ध कार्य गर्ने व्यक्ति अपराधी हुन् । त्यस्ता व्यक्तिलाई प्रत्येक राज्यले दण्ड सजायको व्यवस्था गरेका हुन्छन् । उमेर अनुसार व्यक्तिले गर्ने अपराधलाई पनि फरक रूपले नामकरण गरिन्छ । बालबालिकाद्वारा गरिने अपराध बाल अपराध हो भने किशोरद्वारा गरिने अपराधलाई किशोर अपराध भनिन्छ । त्यस्तै वयस्कले गर्ने अपराधलाई अपराध भनिन्छ । चाहे जुनसुकै प्रकारको अपराध होसु यो कानुन विरोधी कार्य हो, यो समाजविरोधी कार्य हो र यो सबैको अहित हुने कार्य हो ।

आपराधिक गतिविधिलाई दण्ड दिएर नियन्त्रण गर्ने सरकारको प्रावधान भए तापनि यस्तो दण्ड सजाय दिने प्रचलनले अझ आपराधिक गतिविधिलाई बढावा दिन्छ । तसर्थ अपराध गरिसकेपछि दण्ड जरिवाना गर्नुभन्दा पनि मानिसलाई आपराधिक कार्यमा संलग्न हुन नदिनु नै बुद्धिमानी हुन्छ । त्यसैले आपराधिक कार्य गर्नबाट व्यक्तिलाई रोकन व्यापक रूपमा शिक्षाको प्रबन्ध गरिनु पर्छ । अपराध स्वभावैले जन्मजात हुने नभई विभिन्न कारणबाट सृजित हुन्छ । जस्तै मानसिक कमजोरी मानिसको स्नायु दुर्बलताको कारणबाट व्यक्ति असाधारण प्रवृत्तिको हुने, डराउने, अर्धपागल जस्तो देखिने र पछि आपराधिक क्रियाकलापमा संलग्न हुने हुन्छ । यस्तो मानसिक स्नायुहरूले जुन काम जतिबेला गुर्नपर्ने हो, त्यसमा कमीकमजोरी देखिन्छ । फलस्वरूप उसले जानी नजानी अपराध गर्न सक्छ ।

घरपरिवारको वातावरणलाई पनि अपराधको कारण मान्न सकिन्छ । घरपरिवारमा अभाव छ, परिवारका सदस्यबिच द्वन्द्व, तनाव, झैझगडा भइरहन्छ, माया ममताको अभाव छ, मनमुटाव छ भने त्यहाँका बालबालिका वा त्यस्ता परिवारका सदस्य आपराधिक क्रियाकलापमा संलग्न हुन सक्छन् । भौतिक वातावरणको कारणले पनि अपराधिक क्रियाकलाप हुन सक्छन् । सुनसान ठाउँ, एकान्त वातावरण, वनजङ्गल जस्ता ठाउँमा यस्ता क्रियाकलाप हुने सम्भावना बढी हुन्छ । सामाजिक, सांस्कृतिक तत्वहरूलाई पनि आपराधिक गतिविधिको कारण मान्न सकिन्छ । संस्कृति समाजको गहना हुन् तथापि समाजमा संस्कृतिको पालना गर्ने क्रममा विभिन्न चाडपर्व मनाउने, जसमा आवश्यकताभन्दा बढी मादक पदार्थ सेवन गर्ने, हो हल्ला गर्ने, जुवातास खेल्ने, जातजातिबिच मनमुटाव हुने, बदलाको भावना जस्ता क्रियाकलापले पनि अपराधको बिउ सिर्जना हुन सक्छ ।

पछिल्लो समय इन्टरनेटको प्रयोग ह्वात्तै बढेर गएको छ । नेपालमा बढ्दो साइबर अपराधको खतराको सम्भावनालाई पुष्टि हुने किसिमका विभिन्न घटना पनि देखा परिरहेका छन् । सामाजिक सञ्जालमा प्रविधिको दुरुपयोग गर्दै गरिने मानहानी, ब्ल्याकमेल, ह्यासिङ, अर्काको पहिचान अनधिकृत रूपमा प्रयोग, जालसाजी, अश्लील सामग्री प्रदर्शन, चरित्र हत्या, यौन जन्य हिंसा जस्ता कुरा जताततै देखिन थालेका छन् तसर्थ सामाजिक सञ्जालको दुरुपयोगले पनि आपराधिक क्रियाकलाप उत्पन्न हुन सक्छन् ।

एउटा भनाइ छ 'सयौँ कारागार स्थापना गर्नुभन्दा एउटा विद्यालय स्थापना गर्नु अपराध नियन्त्रणको लागि बढी प्रभावकारी हुन्छ ।' यस्तै मानिसलाई ऊ अपराधी बनेपछि कारबाही चलाउनुभन्दा आपराधिक गतिविधिमा लाग्न नदिनु नै लाभदायक हुन्छ । तसर्थ अपराधको रोकथाम तथा सुधारमा शिक्षा नै सर्वोपरि उपाय हो । जसले आपराधिक क्रियाकलापबाट हुन सक्ने सम्भावित खतराको बारेमा समेत मानिसमा जनचेतना फैलाउँछ । अपराध रोकथाम तथा नियन्त्रणका लागि सर्वप्रथम त सर्वसाधारणलाई नैतिक शिक्षा दिन आवश्यक छ । नैतिक शिक्षाले व्यक्तिका नैतिक आचरण, मूल्य मान्यता, आदर सत्कार, ठिक, बेठिक, राम्रो-नराम्रो आदिका बारेमा ज्ञान दिई एक सचेत नागरिकको विकासमा जोड दिन्छ ।

कानुनी साक्षरताले पनि आपराधिक गतिविधिलाई नियन्त्रण गर्न मद्दत गर्छ । देशका नियम, कानुन, ऐन, आफ्नो कर्तव्य, अधिकार, भूमिका जस्ता कुराको ज्ञानबिना पनि मानिसले के गर्न हुने, के गर्न नहुने, के गर्दा के कस्तो परिणामको सजाय हुन्छ भन्ने जानकारी प्राप्त भइरहेको हुँदैन । तसर्थ यस्ता सामान्य कानुनसम्बन्धी ज्ञान दिने शिक्षा हुनु पर्छ । शिक्षा अव्यावहारिक भएमा शिक्षित बेरोजगारको सङ्ख्या बढ्न गई एक त शिक्षाप्रति मानिसको नैराश्यता वृद्धि हुन्छ भने अर्कोतर्फ आफ्ना आवश्यकताको परिपूर्ति गर्न मानिसहरू आपराधिक गतिविधिमा संलग्न हुन्छन् । जब मानिस काममा व्यस्त हुन्छ स्वतः आपराधिक क्रियाकलाप निरुत्साहित हुन्छन् । जेलमा सुधार केन्द्रको स्थापना गरेर नैतिक शिक्षा दिन सकिन्छ । उनीहरूलाई सुधार केन्द्रमा सिपमूलक शिक्षा दिई आर्थिक उपार्जन गराउन सकिन्छ । ध्यान र योगले मानिसलाई काबुमा राख्न साथै सकारात्मक सोच एवं ऊर्जा प्रदान गर्छ । तसर्थ त्यस्ता मानिसलाई योगाभ्यास गराउन जरुरी छ । बालबालिकाको खराब सङ्गत, मायाको कमी, पढाइमा असफलतालगायत विविध कारणले बाल अपराध गर्न सक्छन् । त्यस्ता बालबालिकालाई बाल सुधार केन्द्रमा राखेर उनीहरूको व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# " गर्नुपर्छ " भन्दाभन्दै देश बर्बाद भयो



• संजय राजवंशी

देश बनाउनुपर्छ । विकास गर्नुपर्छ । देशमा शान्ति ल्याउनुपर्छ । नेपाली जनतालाई समान अधिकार दिनुपर्छ । जनतालाई शिक्षा र स्वास्थ्य निःशुल्क दिनुपर्छ भनेर केही वर्षदेखि यहिँ भाषण बोल्दाबोल्दै देश बर्बाद बनाए । र म, हामी र तपाईँजस्ता विद्धान र पढेलेखेका जनता सो कुरामा अत्यन्तै बढी खुशी र विश्वास गरेर देश हामीले पनि बिगार्यौं भन्दा कुनै फरक नपर्ला । हो, त्यही भाषण र राशन हो जसले यो दिनसम्म ल्याए त्यो शब्दको नाम हो " गर्नुपर्छ " । गर्नुपर्छ , गर्नुपर्छ , गर्नुपर्छ भन्दाभन्दै देशमा चरम आर्थिक संकट बनाए र अहिलेसम्म पनि यहिँ बोल्दा रहेछन् " गर्नुपर्छ " । सबै नेताहरुले भन्छन् गर्नुपर्छ । फेरि कसले रोकेको छ त्यो थाहा छैन तर विकास गर्नुपर्छ ।

आजको दिनमा बजार सुकेको अवस्था हो । गाउँ खाली भएको अवस्था हो । जनता ऋणमा डुबेको अवस्था हो । सरकारको काम हेर्दाहेर्दै जनता आजित र आक्रोशित भएको अवस्था हो । तर पनि नेताहरुले भाषण र भनिरहने भाषा एउटै हो " गर्नुपर्छ "

भ्रष्टाचार जरादेखि नै निर्मुल गर्नुपर्छ । शिक्षा स्वास्थ्य निःशुल्क गर्नुपर्छ । रोजगारी सृजना गर्नुपर्छ । कृषिमा अर्गानिक मलको प्रयोग गर्नुपर्छ । कृषि उत्पादनमा लगानी गर्नुपर्छ । कृषिविना मान्छेको जीवन पर्याप्त हुन सक्दैन । नेपालले पर्याप्त बिजुली उत्पादन गर्नुपर्छ लगायतका विषयवस्तुहरुमा लगानी गर्नुपर्छ । भन्दै देश हालको अवस्था हेर्दा बर्बाद गरेको जस्तो छ । र सबै नेताहरु यस्तै भाषणबाजी दिँदै अकुत सम्पत्ति कमाए । र यो सत्य पनि हो कसरी भनोस् त म भ्रष्टाचार गर्छु । म देश बर्बाद गर्छु । देशको शिक्षा र स्वास्थ्य अवस्था विगार्छु यस्तो कसले बोल्छ । यस्तै बोल्दाबोल्दै भाषण दिँदादिँदै देशमा पटक–पटक मन्त्री, प्रधानमन्त्री तथा अन्य महत्वपूर्ण पदमा पुगे र म, हामी र तपाईं विद्धान र पढेलेखेका मान्छेले पुर्यायौँ पनि । र भोगिरहेका छौँ पनि ।

चुनावका बेला दारु, मासु र केही पैसामा विकेका जनताले उनीबाट अपेक्षा के पनि गरोस् त । हो यी र यस्ता भाषण र राशन दिएर हाल अहिले देशको अवस्था यहाँसम्म ल्याइपुर्याउँदा ती सबै नेताहरुको घरमा सम्पत्ति र आम्दानीले भरे र म, हामी र तपाईं विद्धान पढेलेखेका मान्छेले अहिले पनि ती सबै राजनीतिक नेताहरुको पछाडी आसेपासे बनेर बसेका छौँ । फोटो खिचेर फेसवुकमा अपलोड गरिरहेका छौ । मेरो नेता र तेरो नेता गरिरहेका छौ । यो नेता मेरो मामा हो । यो नेता मेरो काका हो । यो मेरो आफन्त हो ।

भाषणबाजी दिँदै अकुत सम्पत्ति कमाएका ती नेताहरुसंग फोटो खिचेर फेसवुकमा अपलोड गर्नु भनेको आफू पनि त्यो अपलोड गरिएको फोटो जस्तै भइन्छ भन्नु सायद गलत नहोला किनकी उनीहरु यतिसम्म देश बर्बाद गरे । अर्को अर्थमा भन्दा फेसवुकमा अपलोड गरिएको सबै फोटोहरु पनि ऊजस्तै देखिन्छ ।ती सबै प्रायः नेताहरुले देश बिगारेको भन्न त पक्कै मिल्दैन । केही राम्रा पनि छन् होला तर यी केही नेताहरुले नै देशको अवस्था यहाँसम्म ल्याएको हो भन्नु सायद मेरो विचारमा गलत नहोला ।

काण्डैकाण्डको देश भन्दा सायद खासै फरक नपर्ला ।हाम्रो देशमा ओमनी काण्ड, ह्वाइटबडी काण्ड, ७० करोड काण्ड, शितल निवास काण्ड, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल काण्ड, सुनकाण्ड लगायतका काण्डहरु हालसम्म जिउँदै रहिरहेको अवस्था छ । त्यसमा पनि निर्मला पन्तको मुद्दा, नवराज विक जस्ता विषयवस्तुमा सरकारले हालसम्म निर्णय गर्न नसक्नु नै नेपालको दुर्भाग्य तथा बिडम्बना हो ।

# बिर्तामोडमा सडक निर्माणमा तीब्रता



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकामा विभिन्न चार वटा ठुला सडक योजनाहरुको काम तिव्र गतिमा भईरहेको छ ।

संघ, प्रदेश र नगरपालिकाको लगानीमा मुख्य सडकहरुको स्तरोन्नति कार्य धमाधम भईरहेको हो ।हर्कलाल मार्ग, बुट्टाबारी-प्याकुरेल चोक सडक, गोकुल जोशी मार्ग र सहिद चन्द्रमार्गको विभिन्न खण्डमा स्तरोन्नति कार्य भइरहेको हो ।

हर्कलाल मार्ग

बिर्तामोडको पूर्व पश्चिम राजमार्गस्थित देउराली होटलदेखि धौलापुल आदर्श चोकसम्म पर्ने हर्कलाल मार्गको स्तरोन्नति कार्य धमाधम भइरहेको छ । भद्रपुर रोडको बैकल्पिक मार्गको रुपमा रहेको यस सडकमा विभिन्न ३ खण्डमा काम भइरहेको हो ।

राजमार्गसंगै जोडिएको देउराली पछाडिको भागमा भौतिक पूर्वाधार विकास मन्त्रालयको १ करोड १३ लाख ४६ हजार ७०६ रुपैयाँमा ठेक्का लिएर धनेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्सले धमाधम काम गर्दै छ । अहिले ड्रेन तथा नाला निर्माणको काम भइरहेको जनाइएको छ ।

यस्तै सडकको विच खण्डमा १ हजार ९५ मिटर क्षेत्रमा पनि धमाधम काम हुँदैछ । ६ करोड रुपैयाँमा ठेक्का लिएर सरोज निर्माण सेवाले काम गरिरहेको हो ।

सडकको तल्लो ४ सय ५० मिटर क्षेत्रमा कौशल्या विल्डर्सले कालोपत्रे सम्पन्न गरेको छ । १ करोड ११ लाख २१ हजार ३९४ रुपैयाँमा ठेक्का पाएको कौशल्याले सोमवार कालोपत्रेको काम सम्पन्न गरेको सडक डिभिजन दमकका सव-ईन्जिनियर मदन शाहले जानकारी दिए । यी दुवै बजेट भौतिक पूर्वाधार र सघन शहरी विकास कार्यालयबाट प्राप्त भएको हो ।

सडकको अन्तिम भागमा भने गएको आर्थिक वर्षमा नै कालोपत्रे सम्पन्न भएको छ । वडा नम्बर ३ को आदर्श चोकदेखि वडा नम्बर ४ को आनन्द चोकसम्मको १ हजार ५६ मिटर सडक स्तरोन्नति भएको हो । पूर्वाधार विकास कार्यालयको ४ करोड ६१ लाख रुपैयाँ बजेटमा निर्माण सम्पन्न भएको थियो ।

**बुट्टाबारी–प्याकुरेल चोक सडक**

वडा नम्बर ६ देखि ७ हुँदै वडा नम्बर ८ प्याकुरेल चोकसम्म ६ हजार २ सय ५८ मिटर लामो यो सडकको निर्माण कार्य धमाधम भइरहेको छ । अन्तराष्ट्रिय स्तरको बन्ने यस सडकको हालसम्मको प्रगति ६० प्रतिशत छ । हाल कालोपत्रेका लागि आवश्यक पूर्वाधार निर्माणको काम भइरहेको र जेठको तेश्रो सातासम्ममा काम सुरु हुने ठेकेदार मनोज उप्रेतीले जानकारी दिए । विश्व बैंकको लगानी रहेको यस सडकमा आरपी साप समता जेभीले ५८ करोड रुपैयाँमा ठेक्का लिएर काम गर्दै आएको छ ।

**गोकुल जोशी मार्ग**

❖ बाँकी अन्तिम पृष्ठमा

# वडाले बाँड्यो किसानलाई कृषि औजार

मेचीनगर(प्रस) । मेचीनगर-३ का ३१ वटा टोलका किसानहरुलाई कृषि औजारहरु वितरण गरिएको छ ।

मेचीनगर नगरपालिकाले वडा कार्यालयलाई छुट्याएको बजेटबाट सोमबार वडा नम्बर ३ का ३१ वटा टोल विकास समिति अन्तरगतका किसानहरुलाई कृषि औजारहरु वितरण गरिएको हो ।


वडा कार्यालय परिसरमा आयोजना गरिएको कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेतीले किसानहरुलाई विभिन्न प्रकारका कृषि औजारहरु वितरण गरेका थिए । कार्यक्रममा नगरप्रमुख बुढाथोकीले कृषि कर्मको विकल्प नभएकोले किसानहरुलाई सहज हुने गरी साना कृषि औजारहरु प्रदान गरिएको बताए । किसानले आफ्नो लागि चाहिए अनुसारको औजार कार्यालयले उपलब्ध गराएको उनले बताए ।

वितरण गरिएका औजारहरुमा मकै छोडाउने हाते मेसिन, मकै छोडाउने खुट्टी मेसिन, हातले जोत्ने मेसिन, ट्याङ्की, बेल्चा, फरुवा लगायत रहेका छन् । वडाको ४ लाख बजेटमा एउटा टोलका किसानलाई करिव १३ हजार रुपैयाँ बराबरको ३१ वटा टोलका किसानलाई उक्त औजारहरु वितरण गरिएको थियो ।

कार्यक्रममा उपप्रमुख मीना पोखरेल उप्रेती, पूर्वाधार समिति संयोजक चित्र धिमाल, वडा सदस्य, किसान लगायतको उपस्थिति रहेको थियो । मेचीनगर-३ का वडाध्यक्ष हर्कबहादुर वस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण शिक्षक देबु बानियाँले गरेका थिए ।

# शेख हसिनाको भूमिका गर्ने अभिनेत्री नुसरत पक्राउ





ढाका । बंगबन्धुको बायोपिक फिल्म 'मुजीब : द मेकिङ अफ नेसन'मा शेख हसिनाको भूमिका निर्वाह गर्ने चर्चित बंगलादेशी अभिनेत्री नुसरत फारिया पक्राउ परेकी छन् । हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलबाट उनलाई पक्राउ गरिएको बंगलादेशी संचारमाध्यमले जनाएका छन् ।

सरकारविरोधी प्रदर्शनको क्रममा हत्या अपराधको घटनासँग जोडिएको भन्दै उनलाई पक्राउ गरिएको द ट्रिब्युनले जनाएको छ । सरकारविरुद्ध विद्यार्थीले चर्काएको आन्दोलनको क्रममा राजधानी ढाको भातरा क्षेत्रमा विद्यार्थीको संदिग्ध हत्याको घटनामा संलग्न भएको भन्दै नुसरतसहित १७ कलाकारविरुद्ध मुद्दा दर्ता गरिएको जनाइएको छ ।

भातरा पुलिस स्टेसनका सुजन हाक्युले आज बिहान नुसरतलाई पक्राउ गरिएको बताए । 'हामीले प्राप्त सूचनाको आधारमा विमानस्थलको अध्यागमन कार्यालयबाट उनलाई पक्राउ गरिएको हो' उनले भने । विद्यार्थीको आन्दोलनको क्रममा उनीविरुद्ध प्रहरीमा उजुरी दर्ता भएको थियो । बंगलादेशी संचारमाध्यमका अनुसार सोमवार बिहान नुसरत थाइल्याण्ड जाने तयारीमा थिइन् ।

सन् २०१५ को फिल्म 'आशिकी'बाट उनले फिल्ममा डेब्यु गरेकी थिइन् । यो फिल्म बंगलादेशमा सुपरहिट भएको थियो । सन् २०२३ मा रिलिज भएको फिल्म 'मुजीब'मा उनले शेख हसिनाको भूमिका निर्वाह गरेकी थिइन् । हसिनाको भूमिका निर्वाह गरेपछि उनले आफूले भाग्यमानी ठानेको त्यतिबेला बताएकी थिइन् । नुसरत पक्राउको विरोधमा प्रतिक्रिया आउन थालेको छ । धेरैले यसलाई लज्जास्पद घटना भनेका छन् । मुद्दाको बयानका अनुसार फरिया र अन्य १६ जना कलाकार अपु विश्वास, निपुन अक्टर, आशना हबिब भावना र जायेद खानलाई पनि मुद्दा दायर गरिएको छ ।

# राजनीतिक दलमा लागे शिक्षक पदमुक्त हुने प्रावधानमा सहमत



झापा(प्रस)। सामुदायिक विद्यालयका शिक्षकले राजनीतिक दल वा दलसँग आबद्ध संगठनको सदस्य लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा, राजनीतिक गतिविधिमा भाग लिएमा पदमुक्त गर्न सकिने कानुनमा सत्तारूढ र प्रतिपक्षी सांसद एकमत भएका छन् ।

विद्यालय शिक्षा विधेयकमाथिको दफावार छलफल टुंगो लगाउँदै संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिअन्तर्गतको उपसमितिले तयार पारिएको प्रतिवेदनमा यस्तो व्यवस्था गरिएको हो ।

उपसमितिका संयोजक तथा सांसद छविलाल विश्वकर्माले समिति सभापति अम्मरबहादुर थापालाई प्रतिवेदन बुझाएका छन् ।

निजी विद्यालय र प्रारम्भिक बाल विकास (ईसीडी) कक्षा सञ्चालनबाहेकका विषयमा उपसमितिमा सहमति जुटेको छ । सहमति हुन बाँकी विषय समितिबाटै टुंगो लगाउने विश्वकर्माले बताए ।

यस्तै, विद्यालय शिक्षाको स्वतन्त्र नियमन गर्न स्वायत्त शैक्षिक गुणस्तर परीक्षण प्राधिकरण स्थापनामा सहमति जुटेको छ । उपसमितिले शिक्षा मन्त्रालय मातहतको शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सट्टा प्राधिकरण गठन गर्नुपर्ने निष्कर्ष निकालेको हो ।

प्रतिवेदनमा विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक निर्धारण, मापदण्डको विकास, विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि परीक्षण तथा विद्यालय शिक्षासँग सम्बन्धित निकाय, विद्यालयको कार्यसम्पादन परीक्षण गर्न प्राधिकरण रहने उल्लेख छ । मूल विधेयकमा साविककै केन्द्र कायम रहने उल्लेख थियो ।

केन्द्रमा शिक्षा मन्त्रालयका सहसचिव प्रमुख रहने व्यवस्था थियो । तर लोक सेवा आयोगको अध्यक्षतामा गठित ३ सदस्यीय समितिको सिफारिसमा सरकारले प्रमुख शिक्षा परीक्षक नियुक्त गर्ने व्यवस्था गर्न सुझाएको छ । उपसमितिको प्रतिवेदन समिति हुँदै संसद्बाट हुबहु पारित भए यस क्षेत्रमा अनुभव प्राप्त विज्ञबाट ४ वर्षका लागि प्रमुख शिक्षा परीक्षक नियुक्त हुनेछन् । प्राधिकरणले विद्यालय शिक्षाको गुणस्तर मापन गर्नेछ ।

# लायन्स क्लब स्मार्ट लेडीको अध्यक्षमा यशोदा



झापा(प्रस) । लायन्स क्लब अफ बिर्तामोड स्मार्ट लेडीको अध्यक्षमा यशोदा उप्रेती चयन भएकी छिन् । उनी सन २०२५ / २०२६ का लागि अध्यक्षमा चयन भएकी हुन् ।

वीरता लेडी जेसीजको मानार्थ, ट्रष्ट नेपालको उपाध्यक्ष, महिला उद्यमी समूहको सल्लाहकारसमेत रहेकी उनी इलाम झापा मैत्री समाजको आजीवन सदस्य तथा झापा गोल्डकपको सदस्य रहेकी छन् ।

लायन्स क्लब अफ बिर्तामोड स्मार्ट लेडीको प्रथम उपाध्यक्ष सरु भुर्तेल खनाल, द्वितीय उपाध्यक्ष गोमा खड्का मैनाली, तृतीय उपाध्यक्ष पुनम घिमिरे उप्रेती, सचिव शीला भट्टराई बराल, सहसचिव शोभा दाहाल , कोषाध्यक्ष लीला खरेल दंगाल, सहकोषाध्यक्ष निर्जला उप्रेती रहेका छन् ।

सन २०२४ /२०२५ की अध्यक्ष मञ्जु उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक लीला मैनाली, निवर्तमान अध्यक्ष अन्जु खड्कासहितको उपस्थितिमा २२ सदस्यीय कार्यसमिति चयन भएको हो ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

- **चन्द्रगढी, भद्रपुर** — लोकबहादुर कुँवर : ९८४२६९३९९६; द्रोण अधिकारी : ९८४२६२८७९१
- **दमक** — विष्णु सुब्बा : ९८५२६७०१३७; देविबहादुर बस्नेत : ९८१७९२४६२१
- **मेचीनगर** — चारआली : ९८४२७०३०१३; गोबिन्द घिमिरे : ९८१५९५०१५०
- **उर्लाबारी** — रुपेन्द्र शेर्मा : ९८४२०९२४०६; विराटनगर; क्रिएटिभ आई: ०२१-५२५६१०
- **इलाम, मंगलबारे** — रणवीर लिम्बू ९८१६९८४७५७
- **काकँरभिट्टा** — फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४
- **झापा बजार** — बरत राजवंशी ९८१७०४९००१


## आजको राशिफल

- **मेष** — आज जोशजाँगर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला ।
- **वृष** — रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
- **मिथुन** — छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।
- **कर्कट** — आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
- **सिंह** — प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।
- **कन्या** — महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
- **तुला** — आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
- **वृश्चिक** — आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।
- **धनु** — आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।
- **मकर** — मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।
- **कुम्भ** — आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।
- **मिन** — बन्धु बान्धवबाट सहयोग मिल्नेछ । पारिवारिक सद्भाव बढ्नेछ ।